# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ चौमाला, कैलाली असार ०४ गते, मंगलबार २०८३ साल, (संख्या ७)


**भाग-३**

## <u>कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम कार्यविधि, २०८२</u>

<u>प्रस्तावनाः</u>

गौरीगङ्गा नगरपालिकाका कृषकहरुले उत्पादन गरेको कृषि उपजहरुलाई सहज ढुवानीको पहुच पुऱ्याई उत्पादनोपरान्त हुने क्षति न्यूनिकरण गर्ने उद्देश्यले गौरीगङ्गा नगरपालिकाले कृषि एम्बुलेन्स सेवा संचालन गर्न कार्यविधि आवश्यक भएकाले गौरीगंङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम " कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि नगरपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषाः</u> बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कृषि एम्बुलेन्स" भन्नाले गौरीगङ्गा नगरपालिकाले सञ्चालन गर्ने कृषि उपज ढुवानी गर्ने सवारी साधनलाई सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले सुदुरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) "कृषक समूह" भन्नाले व्यवसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यका लागि गठन भएका १५ भन्दा बढी २५ जना सम्मको कृषकहरुको समूहलाई बुझाउनेछ ।

(ङ) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ बमोजिम सम्बन्धित कार्यालयमा दर्ता भएको संस्था सम्झनु पर्छ ।

(च) "समूह/समिति" भन्नाले व्यवसायीक रुपमा कृषि पेशालाई प्रवर्द्धन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भएको समूह/समितिलाई सम्झनु पर्छ ।

(छ) "कृषि उपज" भन्नाले बजारीकरणको उद्देश्य राखी गरिएको कुनै पनि किसिमको कृषि/पशुजन्य उत्पादनलाई सम्झनुपर्छ ।

(ज) "आवेदक" भन्नाले कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रमको लागि अनुदान लिनका लागि सम्बन्धित नगरपालिकाको कार्यालयमा आवेदन दिएका कृषि सहकारी वा कृषक समूहलाई सम्झनुपर्छ ।

(झ) "अनुदानग्राही" भन्नाले कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रम अनुदानको लागि छनौट भएका आवेदकहरु सम्झनु पर्दछ ।

## परिच्छेद-२
## उद्देश्य

३. <u>यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहनेछः</u>

(क) नासवान कृषि उपजहरु तथा पशुपन्छीजन्य उत्पादन ढुवानीलाई सहज गुणस्तरीय र छिटो छरिटो हुने गरी व्यवस्था गर्ने ।

(ख) कृषकहरुको उत्पादित कृषि उपजहरुको बजार तथा प्रशोधन स्थल सम्म पुऱ्याउदा हुने नोक्सानी बाट जोगाउने र थप आम्दानीमा बृद्धि गर्ने ।

(ग) कृषि उपजको उत्पादनोपरान्त हुने क्षति न्यूनिकरण गरी उपभोक्ता सम्म गुणस्तरीय उत्पादन पुऱ्याउने ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन विधि

४. **कार्यक्रम सञ्चालनः** यो कार्यक्रम नगरपालिका भित्रको कृषि उपज ढुवानीमा सञ्चालन हुनेछ ।

५. **प्रस्ताव माग गर्नेः** (१) कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रमको लागि सहयोग पुऱ्याउन अनुदान दिने उद्देश्य नगरपालिकाको कार्यालयले १५ दिने म्याद दिई अनुसूची – १ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।



गौरीगंगा राजपत्र

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन पश्चात आवेदकले अनुसूची – २ बमोजिमको निवेदन साथ देहाय बमोजिम कागजातहरु पेश गर्नु पर्नेछ ।

(क) माग निवेदनको साथ कृषि सहकारी वा कृषक समूहको हकम प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) सम्बन्धित वडा कार्यालयको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको र नहुने, कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

(ग) समूह वा सहकारीको कार्य समितिको बैठकले कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रम माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि ।

(घ) कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रमको लागि आवेदक वा निजको अनुसूची – ३ बमोजिमको प्रतिवद्धता पत्र साथ सञ्चालन गर्ने प्रतिवद्धता ।

(३) मुल्याङ्कनः

(क) नगरपालिकाको कृषि विकास शाखा र आर्थिक विकास समितिले प्रस्ताव अध्ययन गरी नगर कार्यपालिका बैठकमा पेश गर्नेछ ।

(ख) नगर कार्यपालिका बैठकबाट स्वीकृत भएका प्रस्तावहरुको जानकारी सम्बन्धिन आवेदकलाई गराइने छ ।

## परिच्छेद-४
## संस्थागत व्यवस्था

**६. पालिकास्तरीय संचालक समितिको गठनः** (१) संचालक समितिको गठन देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| (क) आर्थिक विकास समिति संयोजक | संयोजक |
| (ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग)कृषक समूह/सहकारीको प्रतिनिधि | सदस्य (२) |
| (घ)कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(२) संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) संचालक समितिको बैठकको पूर्ण सहमतिमा निर्णय गरि सहाकरी वा समूहले तीन सदस्य उपसमिति गठन गर्न सक्नेछ ।

गौरीगंगा राजपत्र

ख) ढुवानी साधन परिचालनका सम्बन्धमा सम्पूर्ण जिम्मेवारी उपसमितिमा निहित रहने छ भने अन्तिम निर्णय सञ्चालक समितिको हुनेछ ।

**७. ढुवानी साधन उपसमितिको काम र कर्तव्यः**

क) ढुवानी साधनको मर्मत सम्भारको क्रममा अनुगमन तथा निरिक्षण गर्ने ।

ख) ढुवानी साधनको संचालनका क्रममा भई आएका आम्दानी तथा खर्च विवरण विल भर्पाईका साथमा संचालक समितिमा प्रगति प्रतिबेदन सहित प्रस्तुत गर्ने ।

ग) संस्थाको आर्थिक प्रबर्द्धनका लागि जिम्मेवारी पूर्ण भई कार्य गर्ने ।

घ) ढुवानीको ब्यापारका लागि ब्यक्ति, संघ संस्था सँग समन्वय सम्पर्क राख्ने ।

ङ) चालकलाई काज खटाउने, रेखदेख, निरिक्षण, मूल्याङ्कन सम्बन्धि कार्य सम्पादन गर्ने ।

च) चालकको दैनिक हाजिरी रेकर्ड राख्न लगाउने तथा निरिक्षण तथा स्वीकृत गर्ने ।

छ) दैनिक, साप्ताहिक, मासिक ढुवानी तथा सवारी चलाउने कार्ययोजना बनाउन लगाई स्वीकृत गर्ने ।

ज) ढुवानी साधन तथा अन्य सवारी साधनको लागबुक रेकर्ड चुस्त दुरुस्त राख्न लगाउने र हरेक महिनामा समितिले तोकेको व्यक्तिले स्वीकृत गर्ने ।

झ) दैनिक रुपमा ढुवानी साधनको धुलाई तथा सरसफाई गरि सफा राख्ने र राख्न लगाउने।

ञ) ढुवानी साधन काममा नभएको अवस्थामा सुरक्षित अवस्थामा पार्किङ्गको व्यवस्था गर्ने।

ट) ढुवानी साधनको ब्लू बुक, नविकरण, बीमा र सरकारी करहरु नियमितरुमा तिर्ने व्यवस्था मिलाउने।

**८. चालकको पारिश्रमिक तथा सेवा सुविधाः**

क) चालक कर्मचारीको तलब तथा थप सेवा सुविधा सहकारी/कृषक समूहको आर्थिक तथा प्रशासनिक नियमावली अनुसार तथा संचालक समितिले तोकेअनुसार हुनेछ ।

ख) चलकको दुर्घटना बीमा गरिने छ ।

**९. चालक कार्मचारीको काम तथा कर्तव्यः**

क) सकहारी/कृषक समूहको आर्थिक पार्दशितामा इमान्दार, असल चरित्र प्रदर्शन गरि तथा पूर्ण जिम्मेवारी भई सञ्चालक समिति, उपसमिति, व्यवसाय प्रबन्धक र सहायक लेखा तथा प्रशासन सहायकले अह्राएको-खटाएको कार्यमा ढुवानी साधन चलाउने वा सो बमोजिम आदेश-निर्देशनको पालना गर्ने ।

गौरीगंगा राजपत्र

ख) सहकारी वा कृषक समूहले खरिद गर्ने कृष तथा पशुपंक्षीजन्य उत्पादन र अन्य कृषि सामाग्रीको लोड/अनलोड कार्य गर्नुपर्नेछ ।

ग) ढुवानी गर्ने, ढुवानी व्यवसायी, ढुवानी साधन व्यवसायी र ढुवानी संघ संस्थाहरुसँग समन्वय र सम्पर्क गरी बजार प्रबर्द्धन गर्ने र आवश्यक सूचना संकलन गर्ने र सहकारी/समूहलाई आवश्यक भएका हुने सूचनाहरुको अभिलेखिकरण गर्ने ।

घ) सामाग्री ढुवानी ओसार पसार गर्दाको समयमा सहि दरभाउ कायम गरी बिजक जारी गर्ने ।

ङ) मासिक रुपमा ढुवानी साधनको स्थिति तथा कारोबारका प्रगति विवरण प्रस्तुत गर्ने ।

च) कृषि तथा पशु ढुवानी व्यवसायी र व्यापार सँग समन्वय गरी कृषि उपज व्यापारमा वृद्धि गर्ने ।

छ) ढुवानी साधनको बीमा, ब्लू बुक नविकरण तथा धुवारहित स्टीकर समयमै लिने ।

ज) संचालक समिति र व्यवसाय प्रबन्धक प्रति उत्तरदायी भई दिएको जिम्मेवारी पुरा गर्ने ।

झ) ढुवानी साधनको मर्मत सम्भार र दैनिक क्रियाकलापमा भए गरेका प्रमाणित फोटो तथा आम्दानी तथा खर्चको बिल भौचर दुरुस्त प्रस्तुत वा पेश गर्ने । अन्यथा आर्थिक पारदर्शिता अवलम्बन नगरेमा वा आर्थक बेइमानी वा दुरुपयोग गरेको खण्डमा कर्मचारी नियमावली अनुसार कार्वाही गरिनेछ ।

१०. म्दानी र ह्रास कट्टिः

१) **आम्दानीः** आम्दानी भन्नाले बाहलमा ढुवानी साधन संचालन गर्दा आर्जित हुन आउने सम्पूर्ण रकमलाई जनाउनेछ र यस्तो किसिमको रकम लाई सहकारी वा समूहको आम्दानीका रुपमा बाधिने छ ।

२) **ह्रास कट्टिः**

क) ह्रास कट्टि भन्नाले विभिन्न स्थिर सम्पत्तिहरुको प्रयोग गर्ने क्रममा घिसिने, खियिने र टुटफुट भएर स्वरुपमा परिवर्तन भएर जानु लाई बुझिनेछ । यसरी सम्पत्तिको स्वरुपमा हुने परिवर्तनले बर्षेनी निश्चित प्रतिशतमा सम्पत्तिको मूल्य घट्दै जान्छ ।

ख) वर्षको अन्त्यमा ढुवानी साधनको वास्तविक लागत मा १० प्रतिशतका दरले सिधा रेखा विधि वा घट्दो शेष मूल्य विधिमा ह्रास कट्टा गरी लेखा रखिनेछ ।

३) कृषि एम्बुलेन्स संचालन गर्ने कृषक समूह/सहकारीहरुले आम्दानीको २०% हुन आउने रकम मासिक रुपमा छुट्टै बैंकिङ कोष खडा गरि बचत गर्नुपर्ने छ ।

गौरीगङ्गा राजपत्र

**११.ढवानी साधन सञ्चालनमा चालकको अनिवार्य अवलम्बन गर्नु पर्ने नियमहरूः**

क) सवारी साधन तथा ढुवानी साधन चलाउने जिम्मेवारी पाएको आधिकारीक चालकले मात्र चलाउन पाउने छ र चालकले पनि विना अनुमति विना काम ढुवानी साधन चलाउन पाउने छैन ।

ख) चालकले अन्य व्यक्तिलाई कुनै पनि बेला, ठाउँ र परिवेशमा चलाउन दिन मिल्ने छैन।

ग) नेपाल सरकारले जारी गरेका यातायात सम्बन्धी सम्पूर्ण नियमहरुको अक्षरश पालना गर्नु पर्नेछ ।

घ) सहकारी वा कृषक समूहले सिफारिस गरेको व्यक्तिहरु बाहेक अन्य कुनै पनि व्यक्तिहरुलाई वा कुनै सामान विना अनुमति बोक्न पाइने छैन ।

ङ) लोडेड वा अनलोडेड साधनलाई अनियन्त्रित गतिमा कुदाउन पाइने छैन र सडकको अवस्था हेरविचार गरी पूर्वसावधानी अनिवार्य अपनाउनु पर्नेछ ।

च) लोडेड साधनलाई रोक्नु परेमा आवश्यक सुरक्षा तथा सावधानी अपनाउनु पर्नेछ ।

**१२.भाडादर निर्धारणः** सहकारी वा समूहले ढुवानी यातायात साधन संचालन गर्दा निम्नानुसार भाडादर निर्धारण गर्न सक्ने छ ।

१. सहकारी/समूहले ढुवानी साधन संचालन गर्दा दुरिको आधारमा

| क्र.सं. | देखि | सम्म | जम्मा किलोमिटर | प्रति किलोमिटर (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

२. सहकारी/समूहले ढुवानी साधन संचालन गर्दा तौलको आधारमा

| क्र.सं. | देखि | सम्म | जम्मा तौल | प्रति के.जि. (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

गौरीगंगा राजपत्र

३. सहकारी/समूहले ढुवानी यातायात साधन संचालन गर्दा सङ्ख्याको आधारमा

| क्र.सं. | देखि | सम्म | जम्मा सङ्ख्या | प्रति सङ्ख्या (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

४. सहकारी/समूहले ढुवानी यातायात साधन संचालन गर्दा बजार दररेटको आधारमा

| क्र.सं. | देखि | सम्म | (रु.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**१३.कार्यक्रम कार्यान्वयनः**

१) सम्झौता पश्चात अनुदानग्राहीले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्ड पूरा गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ साथै कार्यसम्पादन यसै आ.व. भित्र गरिसक्नुपर्नेछ ।

२) कार्यक्रम संचालनको अधिकतम समय सीमा सम्झौतामा तोकिए अनुसार हुनेछ र अवधिभित्र क्रियाकलाप सम्पन्न गरी फरफारक समेत गर्न सकिनेछ ।

३) स्थलगत निरिक्षण गर्दा दिएका सुझावहरु बमोजिम  कार्य सन्तोषजनक नपाइएपा नगर कार्यपालिकाको कार्यालयले ७ दिनसम्म समयावधि प्रदान गरी कार्यक्रम सञ्चालनमा गुणस्तर कायम गर्न सचेत गराउने छ ।

४) उपदफा ३ अनुसार सचेत गराउँदा समेत सन्तोषजनक कार्य हुन नसकी नसकेको देखिएमा समझौता गर्ने निकायले सम्झौता खारेज गर्न सक्नेछ ।

## परिच्छेद-५
## <u>अनुगमन र विविध</u>

१४.**अनुगमन तथा मूल्याङ्कनः** १) नगरपालिका स्तरीय समिति र सम्बन्धित वडाका जनप्रतिनिधिहरुको सहयोग तथा समन्वयमा यस कार्यविधि अनुसार संचालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

२) अनुगमन निरिक्षणको प्रतिवेदन मूल्याङ्कन समितिले कम्तिमा महिनाको एक पटक गर्नेछ।

१५. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै दुविधा भएमा सो को निरुपण नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१६. **संशोधनः** यो कार्यविधि नगर कार्यपालिकाबाट आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।

गौरीगङ्गा राजपत्र

## अनुसूची-१
(दफा ५ (१) सँग सम्बन्धित)

कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धि सूचना
प्रथम पटक प्रकाशित मिति .......................... गते

आ.व. ...................... मा गौरीगङ्गा नगरपालिका नगरकार्यपालिकाको कार्यालय, चौमाला, कैलालीको वार्षिक स्वीकृत कार्यक्रम कृषि एम्बुलेन्स सेवा संचालन कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्र कृषिजन्य उपजको सहज ढुवानी पुऱ्याउने उद्देश्यले कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समूह/कृषि सकहकारीहरुले तपसिलका आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार प्रस्ताव दर्ता गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक मापदण्ड/कागजातहरुः**

१) सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

२) स्थाई लेखा नं/करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि, संस्थागत निर्णयको प्रतिलिपि र वडा कार्यालयको सिफारिस पत्र ।

३) आवेदक संस्थाले सो सेवा संचालनको कुल आम्दानीको कम्तिमा २०% हुन आउने रकम मासिक रुपमा छुट्टै कोष खडा गरी बचत गर्ने प्रतिबदद्धता सहितको पत्र ।

गौरीगङ्गा राजपत्र

## अनुसूची-२
(दफा ५ (२) सँग सम्बन्धित)

मितिः ..........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गौरीगङ्गा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
चौमाला, कैलाली ।

विषयः कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रममा सहभागीता सम्बन्धमा ।

प्रस्तुत विषयमा त्यस कार्यालयबाट मिति ……………..मा प्रकाशित सार्वजनिक सूचना अनुसार आवश्यक कागजात सहित हाम्रो …………………………………………….. समूह/सहकारी का सदस्यहरुले ……………………………………. कार्यक्रम संचालन गर्न इच्छुक भएकोले सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छौं ।

निवेदक

निवेदन साथ संलग्न कागजातहरुः

१.

२.

३.

४.

गौरीगंगा राजपत्र

अनुसूची-३
(दफा ५ (२) को घ सँग सम्बन्धित)
प्रतिबद्धता पत्र

गौरीगङ्गा नगरपालिका नगरकार्यपालिकाको कार्यालयको मिति ……………………… को सूचना अनुसार कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितका आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/छौं र …… वर्ष निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्ययोजना नगरेमा वा ……… वर्ष अगावै सो कार्यहरु बन्द गरेमा नियम अनुसारको कारवाही सहने व्यहोरा प्रतिबद्धता गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नगराउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

अनुदानग्राहीको तर्फबाट
नामः
पदः
संस्थाको नामः
ठेगानाः
सम्पर्क नं.
दस्तखतः
मितिः
छापः

| दायाँ | बाँया |
|---|---|
| | |

गौरीगंगा राजपत्र

## अनुसूची-४
## द्विपक्षिय सम्झौता पत्र

यो सम्झौता पत्र मिति ……… साल …….. महिनाको ……. गते गौरीगङ्गा नगरपालिका (यस पछि प्रथम पक्ष भनिने) र "…………………………………………………………" (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तहरुको अधिनमा रही कृषि एम्बुलेन्स सेवा सञ्चालनका लागि गौरीगङ्गा नगरपालिका "कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम कार्यविधि, २०८२" बमोजिम कार्यक्रम सञ्चालन गर्न यफ सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं दियौं ।

तपसिलः

१. नेपाल सरकारले जारी गरेका यातायात सम्बन्धी सम्पूर्ण नियमहरुको अक्षरश पालना गर्नु पर्नेछ।
२. सवारी साधन तथा ढुवानी साधन चलाउन जिम्मेवारी पाएको आधिकारीक चालकले मात्र चलाउन पाउने छ र लोडेड वा अनलोडेड साधनलाई अनियन्त्रित गतिमा कुदाउन पाइने छैन ।
३. दोस्रो पक्षले सेवा संचालनको कुल आम्दानीको कम्तिमा २०% हुन आउने रकम मासिक रुपमा छुट्टै कोष खडा गरी बचत गर्नु पर्ने र सो को जानकारी प्रथम पक्षलाई दिनु पर्नेछ ।
४. कृषि एम्बुलेन्स सेवाले सेवा क्षेत्रको कृषि तथा पशुजन्य उत्पादन सामाग्रीलाई मात्र ढुवानी सेवा उपलब्ध गराउनु पर्ने र ढुवानी गर्दा अति सिमान्तकृत वा निम्न आय भएका किसानका कृषि वस्तु ढुवानी गर्न प्राथमिकता दिनुपर्ने छ ।
५. ढुवानी साधनको ब्लू बुक, नविकरण, बीमा र सरकारी करहरु नियमितरुपमा तिर्ने व्यवस्था मिलाउनु पर्नेछ।
६. सामाग्री ढुवानी ओसार पसार गर्दाको समयमा सहि दरभाउ कायम गरी बिजक जारी गर्नु पर्नेछ।
७. ढुवानी साधनको स्वमित्व प्रथम पक्षकै रहने छ ।
८. यस सम्झौता अनुसार सहमति भएको क्रियाकलापहरुमा कुनै संसोधन गर्नु परेमा दुवै पक्षहरुको सहमतिमा गरिनेछ ।
९. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागु हुनेछ ।

| दोस्रो पक्षको तर्फबाट | रोहवर | प्रथम पक्षको तर्फबाट |
|---|---|---|
| ……………………………. | ………………………. | …………………………. |
| अध्यक्ष / प्रमुख | कृषि विकास शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

आज्ञाले
भक्तराज जोशी
प्रमुख प्रशासकिय अधिकृत